


勞工處
Labour Department

1/2019

## ध्यान दिएर आफ्नो रोजगारी एजेन्सी छान्नु होला

# रोजगारी जालबाट सावधान रहनुहोस ।




勞工處
Labour Department

Nepali Version 尼泊爾文版本

**विदेशी घरेलू सहयोगीहरूले (एफ डी एछहरू) हङ्ग कङ्गमा रोजगारी एजेन्सी (ई ए) को सेवा प्रयोग गर्द आफ्नो अधिकारलाई सुरक्षित राख्नलाई निम्न कुराको जानकारी हुनु पर्छ :**



## रोगारी एजेन्सी (ई ए) को सेवा संलग्न गर्द




केवल लाइसेन्स भएको रोजगारी एजेन्सी (ई ए) द्वारा प्रदान गरिएका प्लेसमेन्ट सेवाको लागि माँग गर्नु होला । रोजगारी एजेन्सी पोंटल (ई ए पोंटल) (www.eaa.labour.gov.hk). मा अनलाइन गएर श्रम विभाग (एल डी) ले जारी गराएको मान्य लाइसेन्स पत्र भएका रोजगारी एजेन्सी ( ई ए हरू) को सूची जाँच गरे हुन्छ ।

श्रम विभाग (एल डी) ले प्रविधि कोड (कोड) लाई प्रसोधन गरेको छ । रोजगारी एजेन्सी ( ई ए हरू) ले गर्नु पर्ने र गर्नु नपर्ने को सन्दर्भ यस कोडमा गरे हुन्छ, यो कोड तपाईलाई रोजगारी एजेन्सी पोंटल ( ई ए पोंटल ) मा पनि उपलब्ध हुने छ ।




रोजगारी एजेन्सी ( ई ए हरू) द्वारा प्रदान गरिएको नौकरी रिक्ताताहरूको वास्तविकताको जाँच गर्नुहोस, खासै गरि विदेशमा भएकाहरू । तपाईलाई संदेह भएको बेला कृपया आफ्नो काउन्सूलेट जेनरल (सी जी) संग सल्लाह लिए हुन्छ वा जाने देशको काउन्सूलेट जेनरल (सी जी) संग पूछताछ गरे हुन्छ ।




तपाईको मानक रोजगार करारमा (“एस ई सी ”) कुनै पनि गलत जानकारी प्रदान नगर्नुहोस (उधारणको लागि, तपाईको तलब, तपाईको जागिरको ठेगाना इत्यादि) । तपाईले त्यसो गरेमा तपाई एउटा अपराधको लागि उत्तरदायी हुन सक्नुहुनेछ । तपाईले साइन गर्नु भएको मानक रोजगार करार (“एस ई सी ”) को मूल प्रतिलाई सम्हालेर राख्नु होस ।




तपाईले पूर्णरूपले बुझ्नु नभएमा वा सहमत छैन भने कुनै दस्तावेज, सम्झौता वा करार आदिमा साइन नगर्नुहोस ।





हङ्ग कङ्गमा काम गर्द तपाईको अधिकारहरू र सुरक्षाको विषयमा आवश्यक जानकारी विदेशी घरेलू सहायकहरूले (एफ डी एछहरू ) को पोंटल (www.fdh.labour.gov.hk) मा हेंनु होला ।

## रोगारी एजेन्सी (ई ए हरू) द्वारा चार्ज गरिएका शुल्क




कानून अन्र्तगत, हङ्ग कङ्गमा रोजगारी एजेन्सी ( ई ए हरू) ले तपाईको पहिलो महिनाको तलबको १०% भन्द बढि कमशिनको रूपमा चार्ज गर्नलाई अनुमति छैन ( यांने, निर्धारित कमिशन ) । यस्तो भुक्तानी चाँहि तपाईले तपाईको पहिलो महिनाको तलब थापे पछि मात्र तीर्नें हो अग्रिम भुक्तानी गर्नु हुन्दैन ।




रोजगारी एजेन्सी ( ई ए हरू) ले कुनै पनि परिस्थितिमा तपाई सित चाहे प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा निर्धारित कमिशन भन्द अन्य रोजगारी प्लेसमेन्ट सम्बंधमा कुनै शुल्क वा खर्चहरू चार्ज गर्नु हुँदैन ।




रोजगारी एजेन्सी ( ई ए हरू) लाई गरेको कुनै पनि भुक्तानीको लागि एउटा रसीद माँग्न न भुल्नु होला । सबै भन्द राम्रो चांहि तपाईले भुक्तानी सीधा रोगारी एजेन्सी ( ई ए ) को कम्पानी एकाउन्ट मा जमा गरे भने हो, त्यसो गरे भने आफू संग भुक्तानीको एउटा रेकार्ड रहन्छ । रोजगारी एजेन्सी ( ई ए ) को कुनै कर्मचारीको एकाउन्टमा वा सीधा नगद पैसा तीरेर भुक्तानी नगर्नु होला । यदि रोजगारी एजेन्सी ( ई ए ) को कम्पानीले भुक्तानी गरेको रसीद दिन मानेन भने भुक्तानी नगर्नु होस ।




रोजगारी एजेन्सी ( ई ए हरू) ले अनुरोध गरे तापनि रोजगारी एजेन्सी ( ई ए हरू) लाई भुक्तानी गर्नलाई कुनै पनि वित्तीय सेवा कम्पनीहरू बाट पैसा उधार नगर्नुहोस ।

## ध्यान राख्नु पर्ने अन्या कुराहरू



तपाईको मानक रोजगार करार ("एस ई सी ") मा निर्दिष्ट गर्नु भएको रोजगारदाताको लागि रोजगारदाताको ठेगानामा मात्रै घरेलू कामकाज गर्नलाई अनुमति दिएका छन । तपाईको रोजगारदाताले वा रोजगारी एजेन्सी ( ई ए हरू) ले तपाईलाई अनुमति दिए वा अनुरोध गरे पनि तपाईको मानक रोजगार करार ("एस ई सी ") मा बताएको आफ्नो रोजगारदाता को ठेगाना बाहेक वा अन्य व्याक्तिहरू ( आफ्नो रोजगारदाता समेत ) को लागि काम गर्नलाई अनुमति छैन ।




रोजगारी एजेन्सी ( ई ए हरू) ले अथवा तपाईको रोजगारदाता जस्ता कुनै पनि व्यक्ति ले तपाईको अनुमति बिना तपाईको व्यक्तिगत सम्पति, त्यसमा तपाईको पासपोर्ट, हङ्ग कङ्ग आई डी कार्ड अनि मानक रोजगार करार ("एस ई सी ") सम्मिलित छ तर सीमित छैन , फेरि प्राप्त गर्न वा राख्नु पाउँदैन ।

## जब तपाईको अधिकारको उल्लंघन गरिन्छ

यदि तपाईलाई शंका लागेछ कि तपाईलाई रोजगारी एजेन्सी ( ई ए हरू) ले ओभरचार्ज ( अधिक चार्ज ) गरेछ वा बिना एउटा मान्य भएका लाइसेन्सले व्यापार चलाउँदैछ भने, तपाईले कार्यलाय खुला भएको समयमा वा ईमेल द्वारा ea-ee@labour.gov.hk मा श्रम विभाग (एल डी) लाई सम्र्पक गरे हुन्छ । तुरन्तै आफ्नो केसलाई रिर्पोट गर्नुहोस ।




यदि तपाईलाई आफ्नो रोजगारी संबधित कुनै पूछताछ वा उजुरी गर्नु छ भने, तपाई 2157 9537 मा कल गरे हुन्छ ( यो हटलाईन "1823" द्वारा चलाउँनु भएकोछ । )




यदि तपाई हिसां र दुव्र्यवहारको अधीनमा हुनुहुन्छ भने, वा तपाईको सुरक्षा जोखिमा परेकोछ भने, तुरन्तै प्रहरीको आपातकालीन सेवाको लागि 999 मा कल गर्नुहोस ।




यदि तपाईलाई हङ्ग कङ्ग बाहिर काम गर्नलाई अवैध रूपमा तैनात गरेछ भने, आप्रवासन विभागलाई 2824 6111 मा कल गर्नुहोस ।

